**बुलेटीन १ (फेब्रुअरि २०१०)**

प्रा. डायन रिचार्डसन, अनुसन्धानकर्ता, न्युकासल विश्वविद्यालय यु.के.

प्रा. निना लोरि, अनुसन्धानकर्ता, न्युकासल विश्वविद्यालय यु.के.

डा.जेनेट टाउसेण्ड, अनुसन्धानकर्ता, न्युकासल विश्वविद्यालय यु.के.

डा.मीना पौडेल, अनुसन्धानकर्ता, न्युकासल विश्वविद्यालय यु.के. र सल्लाहाकार, आई. ओ. एम.), नेपाल नियोग

आर्थिक तथा सामाजिक अनुसन्धान परिषद (ई.एस.आर.सि) को आर्थिक सहयोगमा संचालित यस परियोजना नोभेम्वर २००९ देखि अक्टोवर २०११ सम्म संचालित गरिनेछ । यसमा न्युकासल विश्वविद्यालय यु.के., नेपाली गैसस शक्ति समूह नेपाल र अन्तराष्ट्रिय आप्रवासि नेपाल नियोग (आई. ओ. एम.) को साझेदारिता रहेको छ । यस परियोजनाले वेचविखनमा परि फर्किएका नेपाली महिलाहरुको आयआर्जन सम्बन्धि अवस्था उजागर गर्ने उद्देश्य लिएको छ । वेचविखन वाट फर्केपछिको जिविकोपार्जनको अवस्था सम्बन्धि हालसम्म ज्यादै कम मात्र अनुसन्धान गरिएको छ र वेचविखनको समस्याले उठाएका सवालहरु विकासका एजेण्डा भित्र समावेस प्राय गरिएका छैनन् । यस अनुसन्धान परियोजनाको प्रमुख उद्देश्य वेचविखनवाट फर्किएका नेपाली महिलाहरुको वास्तविक अनुभवक सँगै गाँसिएका खासगरि जिविको पार्जन र सामाजिक बहिष्कार सम्बन्धि प्राज्ञिक ज्ञान प्राप्त गर्नु रहेको छ । हामी वेचविखनमा परि फर्किएका नेपाली महिलाहरुको जिविकोपार्जन, उनिहरुको यौनकिता तथा नागरिकता सित यसले के कस्तो अर्न्तसम्बन्ध राख्दछ भन्ने कुराप्रति बढि चासो राख्छौं ।

## प्रारम्भिक निष्कर्ष

दक्षिण एशियामा महिलाहरुको यौन शोषणको लागि वेचविखन हुने देशहरु मध्येमा नेपाल पनि एउटा स्रोत राष्ट्रको रुपमा चिनिन्छ । भारत नेपाली महिलाहरुको वेचविखनको लागि गन्तव्य देशको रुपमा रहनुको साथ साथै नेपाली महिलाहरुलाई मध्य पुर्व र दक्षिण पुर्वि एशियामा वेचविखन गर्ने ट्रान्जिट मार्गको रुपमा पनि रहेको छ । महिला वेचविखन विरुद्ध काम गरिरहेका अधिकारकर्मि कार्यकर्ताहरु नेपालको पूर्वि-मध्य र आसपासका सिमाक्षेत्रमा गरिएका गैससको चेतनामूलक कार्यक्रमले वेचविखनको समस्यामा सकारात्मक परिवर्तन ल्याएको दावी गर्दछन् । नियमित रुपमा प्रयोगमा ल्याईएका नेपाल-भारत सिमाका नाँकाहरुमा गरिएको अनुगमनले वेचविखनमा संलग्न व्यक्तिहरुलाई यातायातको चुनौति सँगसँगै अझ अप्ठ्यारा वाटाहरु प्रयोग गर्न बाध्य बनाएको त छ तर दलालहरुले नेपालको दक्षिण पुर्वि क्षेत्रवाट महिलाहरुलाई सुदुर पश्चिम क्षेत्रको वाटो भएर भारत सम्म पुऱ्याउँने क्रम देखिन थालेको छ ।

गरीवि र सामाजिक बहिष्कारको कुरा गर्दा वेचविखनवाट फर्किएर आएकी एउटी महिलालाई हेरिने दृष्टिकोणमा उनी कुन ठाउँकी हुन् र कहाँ वेचिएकी थिईन् भन्ने कुराले बढि प्रभाव पार्छ । हाल सम्म सिन्धुपाल्चोक-वेचविखनमा लामो समयदेखि परिचित एक क्षेत्र-का महिलाहरु जो भारत लगाएत अन्य मुलुकमा आप्रवासी कामदारको रुपमा विभिन्न क्षेत्र जस्तो, पर्यटन व्यवसाय, घरेलु कामदार , स्वास्थ्य क्षेत्रमा काम गरि फर्किएका छन्, त्यस्ता महिलालाई पनि यौनशोषणकै निमित्त वेचिईएको रुपमा लिइने गरेको पाईएको छ । अन्य जस्तै भौगोलिक सन्दर्भले पनि महिलाहरुवीचको भिन्नतालाई निर्दिष्ट गर्छ । केहि महिलाहरु नेपाल-भारत सिमानालाई "म वेचिएकी हैन किनभने म भागेर आएँ/मेरो उद्धार गरियो" भन्ने गर्छन् । सिमानाप्रतिको यसखालको बुझाईले पनि नेपाली समाजमा विद्यमान मुल्य मान्यताहरु जसले सामाजिक बहिष्कार जस्तो अति निकृष्ट व्यवहार र

सोंचलाई स्थापित गर्छ र यो वेचविखन विरुद्धको गैससमा संलग्नता भएकै कारण सामाजिक बहिष्कारको अरु थप अनुभव खेपेका महिलाहरुको लागि महत्वपूर्ण हुन सक्छ ।

## स्थलगत कार्य

परियोजनाको लागि तयारी तथा सम्पर्क स्थापनाको कार्य नोभेम्वर २००९ देखि यु.के.र नेपालमा एकैसाथ शुरु भयो । यस अवधिमा खासगरि अवधारणा निर्माण गर्ने कार्य र प्राप्त औपचारिक र दुर्लभ पाठ्य सामाग्री सङ्कलन र अध्ययन गर्ने काम गरियो । फेब्रुअरि २०१० मा परियोजनाको टोली काठमाण्डौं भेला भयो । यसको उद्देश्य परियोजनाका साझेदारहरु सँग सम्बन्ध अरु गाढा बनाउने र प्रमुख सरोकारवलाहरु सित निरन्तर छलफल र केही अर्न्तवार्ता लिनु रहेको थियो । यस अर्न्तगत द्विपक्षीय र बहुपक्षीय दाताहरु, सरकारी अधिकारीहरु, संविधान सभाका सदस्य र मूलरुपमा संविधान सभाका मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको नेतृत्व, विभिन्न गैससहरु, र  महिला वेचविखन, तथा एच.आई.भी./एड्स लाई प्रमुखता दिई काम गरि रहेका अधिकारकर्मि समूहहरु संलग्न गराईएका थिए । दूई साता लामो भ्रमणका क्रममा परियोजना टोलीले *'नेपालमा वेचविखनः नागरिकता र जिविको पार्जन' लैङ्गिकता* विषयक छलफल त्रिभुवन विश्वविद्यालय पद्म कन्या क्याम्पस महिला अध्ययन विभाग काठमाण्डौमा गऱ्यो ।

## हामी गृष्म/वसन्त २०१० मा निम्न सम्मेलनमा सहभागि हुने छौ :

- ब्रिटिस समाजसास्त्रिय संगठन को असमानता र सामाजिक न्याय सम्बन्धि वार्षिक सम्मेलन, ७-९ एप्रिल २०१०, ग्लसगो विश्वविद्यालय, स्कटल्याण्ड
- अमेरिकि भूगोलवेत्ताहरुको संगठनको वार्षिक सम्मेलन, वाशिङ्गटन, १४-१८ एप्रिल २०१०
- विकास अध्ययन संगठनको लैङ्गिक तथा विकास कार्यशाला । योर्क विश्वविद्यालय, योर्क, यु.के., ५ जुन २०१०-०७-२४
- माहिलावादी अनुसन्धान सेमिनार र श्रृङ्खलाहरु, सेवागेनियन विश्वविद्यालय, नेदरल्याण्ड,  २०, मई २०१०
- आर्थिक तथा सामाजिक अनुसन्धान परिषद (ई.एस.आर.सि) सेमिनार श्रृङ्खलाहरु : स्वंय सेवा र नागरिकता । गोष्ठि : सक्रियता, स्वयंसेवा र नागरिकता र सामाजिक परिवर्तन । २०-२१ जुन २०१०, न्युकासल विश्वविद्यालय ।
- नागरिकता : महिलावाद र रुपान्तरण सम्मेलन, विर्कवेक, लण्डन विश्वविद्यालय, जुन ३०- जुलाई २२, २०१०

## आगामि प्रकाशनहरु :

- रिचार्डसन, डायन. 'यौनिकता' समाजसाश्त्रको विशेष अङ्कमा अतिथि सम्पादक, अक्टोवर २०१०

## सन् २००९-२०१० देखि हालसम्म हामिले निम्न विषयमा योगदान पुऱ्यायौं–

- राष्ट्रिय समाधिक्षकद्धारा प्रकाशित मानव बेचविखन राष्ट्रिय प्रतिवेदन नेपाल (डिसेम्वर- फेब्रुअरिमा)संयुक्त राष्ट्र संघ नेपाल कन्ट्रि टिमको तर्फवाट संयोजन
- वाल अधिकार सम्वन्धि प्रस्तावित विधेयक (युनिसेफद्धारा मस्यौदा तयर) प्रति विचार प्रस्तुत/टिप्पणि र बालवालिकाको वेचविखन सम्बन्धि पक्षलाई विधेयकमा समावेश

- संविधान सभाका सदस्यहरु खास गरिकन संविधान सभाका सदस्य र मूलरुपमा संविधान सभाका मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको नेतृत्व सँग छलफल तथा वेचविखनमा परेका महिलाहरुको नागरिकतासित सम्बन्धित मस्यौदा प्रतिवेदनहरुमा राय व्यक्त गर्ने कार्य (जारि रहेको)
- संविधान सभाका महिला सभासदहरु र शक्तिसमूहको बीचमा नागरिकता सम्बन्धि नितिगत विषयमा छलफल र अर्न्तकियाको संयोजन
- वेचविखन सम्बन्धि सार्क अभिसन्धी को समिक्षा प्रक्रियामा योगदान

अन्य थप जानकारिको लागि हाम्रो वेभसाइट हेर्नुहोस् : www.posttraffickingnepal.co.uk,
वा निम्न ठेगानामा पत्राचार गर्नुहोस् :

Nina.Laurie@ncl.ac.uk
Meena.Poudel@ncl.ac.uk/mpoudel@iom.int
Diane.Richardson@ncl.ac.uk
Janet.Townsend@ncl.ac.uk